# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गुडखर्क, धादिङ
बागमती प्रदेश, नेपाल


पत्र सङ्ख्याः २०८२/०८३

चलानी नं.

मितिः २०८२/०९/२४

## सूचना ! सूचना !! सूचना !!!

यस सिद्धलेक गाउँपालिका अन्तर्गतको **थोपल खोलामा करेन्ट लगाई माछा मार्ने क्रममा विभिन्न समयमा विभिन्न व्यक्तिको मृत्यु भएको गम्भीर घटना** घटिसकेको हुँदा सो कार्यले मानव जीवन, जलचर तथा वातावरणमा अत्यन्तै गम्भीर र अपूरणीय क्षति पुऱ्याउने पुष्टि भएको छ । यसर्थ, सिद्धलेक गाउँपालिका क्षेत्रभित्रका **सबै नदी, खोला तथा जलस्रोतहरूमा करेन्ट प्रयोग गरी माछा मार्ने कार्य पूर्ण रूपमा निषेध** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

अब उपरान्त कसैले पनि यस्ता कार्य गरेमा वा गराएको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारबाही गरिनेछ । साथै, यस्तो कार्य भएको थाहा पाएमा **जिल्ला प्रशासन कार्यालय,** धादिङ तथा **सम्बन्धित प्रहरी कार्यालयको** तपशिलको सम्पर्क नम्बरमा तुरुन्त जानकारी गराइदिनु हुन सर्वसाधारण सबैमा अनुरोध गरिन्छ ।

सार्वजनिक सुरक्षासँग प्रत्यक्ष सम्बन्धित यस विषयमा सबै नागरिकहरूबाट सहयोगको अपेक्षा गरिएको छ ।

<u>सम्पर्क नम्बरहरु</u>

०१०-५२०१३३, ०१०५२०१२१ जिल्ला आपतकालीन कार्य संचालन केन्द्र

Whats App ९७६७६६०९३३ जिल्ला प्रशासन कार्यालय, धादिङ ।

जिल्ला प्रहरी कार्यालय – ०१०-५२०१९९

नगर प्रहरी,सिद्धलेक गाउँपालिका - ९८४५७७८८८२

(अनिशा आचार्य)
प्रमुख प्रशासकीय अधिकृत

अनिशा आचार्य
प्रमुख प्रशासकीय अधिकृत